# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## प्रदेश नं. ५ नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७७।०४।२२)

श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)को प.स. २०७७/७८ को च.नं.२४ को मिति २०७७/०४/१३को पत्रानुसार यस माडी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।०७७।७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१। आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिना तालिम लिइ आधारभुत कम्प्युटर सीप भएको ,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२। दरखास्त दिने स्थान : माडी गाउँपालिकाको कार्यालय, घर्तिगाउँ, रोल्पा ।

३। दरखास्त दिने अन्तिम मिति : २०७७/०५/०४

४। आवेदनको दस्तुर : रु १०००।–

५। छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा

६। आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र
- ३ महिने कम्प्यूटर तालिमको प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७। सेवा सुविधा : गाउँपालिका तथा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८। पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट :- आवेदनको ढाँचाको फारम रप्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकरी यसै कार्यालयको रोजगार सेवा केन्द्र तथा www.pmep.gov.np बाट उपलब्ध गराइनेछ ।